मिति २०८२/०४/२३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८२/०४/२३ गते।

बैठक बसेको समयः बिहान ११:०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्णबहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धनबहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्दबहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्दप्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लालबहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्गबहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपालसिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीरबहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्णप्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहनबहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलकबहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमलबहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोकबहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री टंकबहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सचिव, गाउँ कार्यपालिका | |

श्री चन्द्रिका थापा – का.स.

मिति २०८२/०४/२३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय -

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/ विषयगत समिति |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा | प्रशासन शाखा |
| २. | भूउपयोग क्षेत्र वर्गीकरण गर्ने | भूमि शाखा |
| ३. | कार्यविधि एवम् कानून संशोधन गर्ने | प्रशासन शाखा |
| ४. | पोलिथिन पाइप वितरणको लागि सर्भे, अनुगमन र अभिलेख गर्ने | जिन्सी तथा योजना शाखा |
| ५. | शिक्षा समितिको बैठक अनुमोदन गर्ने | शिक्षा शाखा |
| ६. | विविध | प्रशासन शाखा |

**निर्णय नं. १**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा यसअघि मिति २०८२/०३/२६ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरु समीक्षा गरियो।

**निर्णय नं. २**

**प्रस्ताव नं. २** माथि छलफल गर्दा भूउपयोग ऐन, २०७६ बमोजिम यस गाउँपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण र समुचित उपयोग गर्ने लगायतका कार्यहरु गर्न सोही ऐन बमोजिम तपसिल अनुसार हुने गरी स्थानीय भूउपयोग कार्यान्वय समिति गठन गर्ने सर्वसम्मत पारित गरियो। साथै सोही ऐन बमोजिम यस तीनपाटन गाउँपालिकाको विस्तृत भूउपयोग क्षेत्र वर्गीकरण गर्ने लगायतका कार्यहरु गर्न परामर्श सेवावाट कार्य अगाडि बढाउने निर्णय गरियो।

तपसिलः

स्थानीय भूउपयोग कार्यान्वयन समितिः

| | | |
|---|---|---|
| १. श्री कर्ण बहादुर मगर, गा.पा. अध्यक्ष | | अध्यक्ष |
| २. श्री वडा अध्यक्ष (सम्बन्धित वडा) | | सदस्य |
| ३. श्री पूर्वाधार शाखा प्रमुख | | सदस्य |
| ४. श्री कृषि विकास शाखा प्रमुख | | सदस्य |
| ५. श्री भूमि शाखा प्रमुख | | सदस्य |
| ६. श्री | ,(महिला प्रतिनिधि) | सदस्य |
| ७. श्री | (महिला प्रतिनिधि) | सदस्य |
| ८. श्री प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव |

**निर्णय नं. ३**

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाले निर्माण गरेको तपसिलका कार्यविधि, नियमावलीहरुलाई आवश्यक संशोधन सहित पारित गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

१. कार्यसञ्चालन निर्देशिका, २०७९ (मर्मत खर्च, ईन्धन कोटा र प्राविधिक (पूर्वाधार शाखा)को प्रोत्साहन भत्ता सम्वन्धी परिच्छेद)
२. "घ" वर्गको इजाजतपत्र सम्वन्धी कार्यविधि,
३. सार्वजनिक खरिद नियमावली, २०७६

**निर्णय नं. ४**

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस गाउँपालिकाको गत आ.व. २०८१।०८२ मा टेण्डर विधिबाट खरिद गरिएको पोलिथिन पाइपको वितरण गर्न थप वस्तुगत एवम् वैज्ञानिक वनाउन देहायका मापदण्डको आधारमा वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

देहायः

१. वडा अध्यक्षको रोहबरमा गाउँपालिकाको प्राविधिक कर्मचारीबाट सर्भे गर्ने र प्राथमिकीकरण गर्ने,
२. गाउँपालिकाले वडाको सिफारिस, प्रतिवेदनको आधारमा गाउँपालिकाले प्राथमिकीकरण गर्ने।
३. उक्त प्राथमिकताकोको आधारमा गाउँपालिकाले पाइप वडाको अध्यक्ष वा जनप्रतिनिधिको रोहबरमा वितरण गर्ने ,
४. वडाको समन्वयमा पालिकाले स्थलगत रुपमा नियमित अनुगमन गर्ने र सो को अभिलेखीकरण गर्ने।

**निर्णय नं. ५**

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा मिति २०८२।४।२३ गते विहान ८ बजे बसेको गाउँ शिक्षा समितिको बैठकको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

**प्रस्ताव नं. विविध** माथि छलफल गर्दा यस गाउँपालिकाले तयार गरेको रोजगार रणनीति (२०८१।८२-२०८५।८६ ) लाई आवश्यक कार्यान्वयनका लागि स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

*उल्लिखित प्रस्ताव उपर सर्वसहमत निर्णय गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।*